# उदयपुरगढी गाउँपालिका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरबाट आगामी

# आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमको बक्तव्य

उदयपुरगढी गाउँपालिकाको नियमित गाउँ सभाको १९ औं अधिवेसनमा उपस्थित हुनु भएका गाउँपालिकाका उपाध्यक्ष ज्यू,
वडा अध्यक्ष ज्यूहरू,

गाउँकार्यपालिका सदस्य ज्यूहरू,

गाउँसभाका सदस्य ज्यूहरू,

पत्रकार मित्र,

सम्पुर्ण कर्मचारीहरू र

सुरक्षा कर्मी ज्यूहरू।

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल उदयपुरगढी गाउँपालिका अध्यक्षको हैसियतले सम्मानित १९ औं गाउँसभाको पहिलो बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ। यस अवसरमा म. सर्वप्रथम राष्ट्रहीत, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता र पीडित नागरिकहरूप्रति सम्मान व्यक्त गर्दछु।

२. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७९, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँ पालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ। दीगो विकास लक्ष्य २०३० को मार्गचित्र, उदयपुरगढी गाउँपालिकाको आवधिक रोजना २०८०/८१-०८४/८५ कार्यान्वयनमा ल्याइएका विभिन्न कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

३. नेपालको संविधान,२०७२ मा व्यवस्था भएको राज्यको पुर्नसंरचना अन्तरगत संघ, प्रदेश र स्थानीय गरी तिन तहका सरकारको व्यवस्था भए बमोजिमको २०७३ सालमा यो उदयपुरगढी गाउँपालिका नेपालको भित्री मधेश अन्तर्गत उदयपुर जिल्लाको पश्चीम भेगमा अवस्थित गाउँपालिका हो। साविकको तावाश्री, बेर्रे, डुम्रे, पन्चावती र भलायडाँडा गा.बि.स. मिलाएर बनेको यो गाउँपालिकामा जम्मा ८ वटा वडाहरु रहेका छन्। यसको क्षेत्रफल २६९.५१ वर्ग कि.मी. रहेको छ भने २०७८ सालको जनगणना अनुसार ६८०० घरधुरी संख्या र २८,९२६ जनसंख्या रहेको छ। मगर, तामाङ्ग, राई, क्षेत्री, ब्राह्मण, गुरुङ्ग, कामी, दमाई, सार्की लगायत विभिन्न जातजातिहरुको सम्मिश्रित संस्कार संस्कृती अंगालेर बसेको गाउँपालिका हो उदयपुरगढी। जातिय विविधतामा एकता हुनु यस ठाउँको सम्पति हो। विभिन्न पर्यटकिय स्थलहरु, नदिनाला र जगलहरु हाम्रा प्राकृतिक सम्पदाहरु हुन्। कृषि, पशुपालन यस क्षेत्रको प्रमुख आर्थिक श्रोत हो। यो भूगोल भित्र थुप्रै चुनौतिहरु र सम्भावनाहरु उत्तिकै रहेको हुँदा यिनै भूगोलको विचबाट जनताले स्थानीय

CamScanner

सरकारको रुपमा जनप्रतिनिधीलाई एकातिर अधिकार र अर्को तर्फ कर्तव्यको सन्तुलित पखेटा दिएर यस गाउँपालिकाको समृद्ध उडानको लागि जनादेश दिएको छ यसै सन्दर्भमा आज हामी यस गाउँपालिकाको समृद्ध उडानको लागि जनादेश सहीत कार्यक्रम लिएर आएका छौ । यसै सन्दर्भमा आज हामी यस उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को अनुमानित आय, व्याय निती तथा कार्यक्रम पेश गर्ने गरिमामय गाउँसभा समारोहमा उपस्थित हुन पाएकोमा सामूहिक खुशी व्यक्त गर्न चाहन्छु ।

४. मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई संस्थागत गराउन तथा चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हो । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज बनाउनु अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौ । कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्ध जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष जोड दिइने छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियन गर्न आम पालिकाबासी तथा सबै सरोकारवाला महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने विश्वास लिएको छु ।

५. समस्या र चुनौतीहरूको न्यूनीकरणका लागि समाधानका उपायहरूको खोजी गर्न जरुरी छ । समयमै समाधानका उपायहरू पहिल्याउदै सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, सङ्घ/ सङ्गठन, सञ्चारकर्मी, राजनीतिक दल र सरोकारवालाहरूको ऐक्यबद्धता, सहकार्य, समन्वय, आत्मविश्वास र आशावादले गाउँपालिकाकोवासीहरूमा आशा र उर्जाको सञ्चार गर्नु आवश्यक छ ।

६. स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको हुनाले जनताको आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्दै जनभावना अनुसार सामाजिक न्याय सहित सार्वजनिक सेवालाई सुदृढीकरण गर्दै गाउँपालिकाकोको सर्वाङ्गिण विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको छ । सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाई पारदर्शी, जनमुखी, उत्तरदायी र गुणस्तरीय बनाउन सेवा प्रवाह प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाउँदै लगिएको छ ।

७. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको घोषणासँगै गाउँपालिकाले ल्याएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन् । गाउँपालिकाको दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरू निर्धारित छन्, नीति तथा कार्यक्रम जनमूखी छन्, कार्यान्वियन परिणाममूखी छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

८. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) जस्ता स्वमूल्याङ्कन तथा विभिन्न निकायहरूले गर्ने परीक्षण सहित उदयपुरगढी गाउँपालिका उदयपुर जिल्ला अन्तर्गतका स्थानीय तहहरू मध्ये महालेखा परीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षणबाट कायम हुने बेरूजुको प्रतिशतमा उल्लेखिय रूपमा कमी रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादनमा आधारित मूल्याङ्कनमा समेत गाउँपालिकाले उल्लेखनीय स्थान हासिल गरेको छ । यस सँगसँगै उदयपुरगढी गाउँपालिका अहिले ऐतिहासिक प्रर्यटकीय केन्द्रको रूपमा स्थापित हुने क्रममा रहेको छ ।

CS CamScanner

९. गाउँपालिकाले पालिका भित्रका लक्षित बर्ग एवं समुदायका विद्यार्थीलाई MBBS/Engineering अध्ययन छात्रवृत्ती कार्यक्रमको शुरूवात गरेको छ। आगामी पाँच वर्षको शिक्षा क्षेत्रको मार्गचित्र सहित पञ्चवर्षिय शैक्षिक योजना तयार गरी सोही योजनाको आधारमा अबका वर्षहरूमा क्रमशः कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ।

१०. स्थानीय तहलाई संविधान प्रदत्त एकल तथा साझा अधिकारहरू एवम् स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहका अधिकार क्षेत्र र जिम्मेवारी अनुरुप उपलब्ध स्रोत, साधनलाई विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको मूल मन्त्रलाई आत्मसात गर्दै सेवा प्रवाह, विकास व्यवस्थापन र स्थानीय सरकार सञ्चालनका समग्र पक्षहरूमा पारदर्शीता, जवाफदेहिता तथा सुशासनका आधारभूत मान्यता र आधार स्तम्भलाई अनुसरण गर्दै यस गाउँपालिकाले गाउँपालिकाको विकासका क्षेत्रमा आफ्ना क्रियाकलापहरू निरन्तर सञ्चालन गरिरहेको व्यहोरा यस सभामार्फत सम्पूर्ण गाउँपालिकाबासीहरूलाई विश्वास दिलाउन चाहन्छु।

**गाउँ सभा सदस्य ज्यूहरू,**

११. गाउँसभा र गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ। आवश्यक विषय, क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा आयोजनाहरुको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र गाउँपालिकाबासी आम नागरिकहरुलाई उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौ। छिटो, छरितो र गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिकको सार्वभौम अधिकारको सम्मान गर्दै सार्वजनिक सम्पत्तिको प्रयोग, सार्वजनिक हित र भलाईको प्रयोजनको नीतिलाई अवलम्वन गर्दै जोडदार रुपमा अघि बढाएका छौं।

१२. गाउँपालिकाका करिब ९५.२५ प्रतिशत जनता विद्युत सेवाबाट लाभान्वीत भई उज्यालो उदयपुरगढी अभियान अन्तर्गत विद्युत सेवा विस्तारको अन्तिम चरणमा पुगेको छ। सडक पूर्वाधार निर्माणको वेस तयार गरिएको, आर्थिक विकासका क्षेत्रहरुको पुर्नउत्थानमा प्राप्त नतिजा उल्लेखनीय छन्। उत्तम, नीति, सक्षम नेतृत्व, आत्मविश्वास र समपर्णका साथ अघि बढदा विकासको अभियानलाई तीव्रता दिन सकिन्छ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न हामी सफल भएका छौ।

**अवसर तथा चुनौती:-**

१. स्थानीय सरकारले निर्माण गर्नुपर्ने स्थानीय सरकार सञ्चालनका लागि आवश्यक महत्वपूर्ण कानूनहरू निर्माण गरिसकेको छ भने भएको संस्थागत क्षमता, स्मरण र कार्यअनुभवलाई थप व्यवस्थित गर्दै लैजाने क्रममा रहेको अवस्था छ। सङ्घीय सरकारले निर्माण गर्नुपर्ने साझा अधिकारका कानूनहरू समयमा निर्माण नहुनु, स्थानीय सरकार कार्यपालिका, गाउँ सभाबाट पारित गरी पठाइएको सिफारिसहरू उपर कारवाही नहुनु र निर्णय हुनुपर्ने विषयहरूलाई सङ्घीय मन्त्रालय र सरकारले प्राथमिकतामा नराख्नाले स्थानीय सरकारको कार्यसम्पादन अपेक्षित स्तरमा अघि बढ्न सकेको छैन।

२. सङ्घीय सरकारले प्रक्षेपण गरे अनुसारको राजश्व सङ्कलन हुन नसक्दा स्थानीय सरकारलाई त्यसको निकै ठूलो असर परेको छ। स्थानीय सरकारको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाबीच तादाम्यता कायम गर्ने कार्य थप चुनौतीपूर्ण बनेको छ यसले गर्दा गाउँपालिकाको विकास निर्माणमा असर पुगेको छ।

CamScanner

३. राजनीतिको केन्द्रमा वसेर निखारिएका नेतागण र वर्षौंदेखि प्रशासन चलाएर अनुभव सम्हालेका कर्मचारीहरू उपयुक्त नीति तथा कार्यक्रम र स्रोत साधनको उपलब्धता बीच व्यापक छलफल भई यस गाउँपालिकाको आ. व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तयार गरी यस सभामा पेश गर्नु तथा यसको कार्यान्वयन गर्नु हाम्रो लागि एउटा ऐतिहासिक अवसर र चुनौती पनि हो। राज्यको विकासको लहरलाई स्थानीय स्तरसम्म पुऱ्याउन तथा स्थानीय आवश्यकता र चाहना पहिचान गरी स्थानीयस्तरबाटै पूरा गराउन तोकिएको समयमा आवश्यक जनशक्ति, श्रोत र साधनको अभावको बीच यो बजेट तथा कार्यक्रम तयार पार्न स्थानीय सरकारको जिम्मेवारी तथा अविभारा समेत पूरा गरेका छौं। पर्याप्त र स्पष्ट नियम कानुन अनुभव अभावमा बजेट कार्यान्वयन चुनौतीपूर्ण हुन सक्छ तर सवै पक्षको सहयोग प्राप्त भएमा गाउँपालिकाको सम विकास सँगै स्थानीय स्रोत साधनको कुशलतम उपयोग भई जनताको जीवनस्तर माथि उठ्नेछ।

धन्यवाद !

.....................................

मान बहादुर केप्छाकी मगर
गाउँपालिका अध्यक्ष

आदरणीय गाउँ सभा सदस्य ज्यूहरू,

स्थानीय सरकार सञ्चालनको क्षेत्रहरूमा विगत वर्षहरूबाट प्राप्त अनुभव, चालु आ.व. को योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था र भावी सम्भावना समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्ष २०८२/८३ को विषय क्षेत्रगत नीतिहरू तर्जुमा भई गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको छ । राष्ट्रिय योजना आयोगबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भएको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यतालिका बमोजिम आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम गाउँ सभा समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम अब म विषय क्षेत्रगत रूपमा आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमहरू यस सभा समक्ष प्रस्तुत गर्दछु । प्रस्तुत नीतिहरूले आगामी आर्थिक वर्षको लागि विषय क्षेत्रगत बजेट सीमा तथा प्राथमिकता निर्धारण गर्नुका साथै कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि मार्गदर्शक भुमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु ।

**क. आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम:-**

१. आ.व. २०८२।०८३ मा कृषकहरुको वास्तविक पहिचान गर्न कृषक परिचय पत्र वितरणको लागि संघिय मन्त्रालयमा सहकार्य गरि परिचय पत्र वितरणलाई अगाडी वढाईनेछ । साथै कृषक परिचयपत्रको आधारमा अनुदानका कार्यक्रम उपलब्ध गराईनेछ ।

२. पालिका भित्रका कृषकहरुले उत्पादन गरेको कृषि उपज विक्री नहुने समस्या निराकरण गर्न भण्डारणका लागि निर्मित कोल्ड चेम्वर सञ्चालनमा ल्याई अधिकतम प्रयोग गरिनेछ ।

३. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको ढुवानीका लागि सहुलियत दररेटमा कृषि एम्वुलेन्स उपलब्ध गराईनेछ ।

४. गुणस्तरीय खाद्यान्न, धान र मकैको विउ विजन उत्पादनमा प्रदेश सरकार, सघिय सरकारसंग साझेदारी गरि गाउँपालिकालाई आत्मनिर्भर वनाईनेछ । बाली, विउ विजन, नश्ल र कृषि तथा पशुपन्छी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ ।

५. कृषकहरुको माग वमोजिम रैथाने वालीको संरक्षण र प्रवर्दन गर्दै नेपाल कृषि अनुसन्धान परिषदको प्राविधिक सहयोगमा आँप लगायत फलफुलको प्रमाणीकरण गराउँदै प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

६. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरी क्रमश: आत्मनिर्भरता हासील गरिनेछ । संघ, प्रदेश र स्थानिय सरकारबीच समन्वयमा सामुहिक तथा व्यवसायीक फलफुल खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको वजारीकरण गरिनेछ ।

७. प्रमुख बाली र पशुपन्छी लक्षित कार्यक्रम मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र कृषकको आम्दानी वृद्धि गरिनेछ । मदन भण्डारी राजमार्ग र पालिकाको मुख्य कोरिडोरहरूलाई हरित व्यवसायमा आधारित आर्थिक मार्ग बनाइनेछ ।

८. माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिँदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्धनको विशेष कार्यक्रम सञ्चालन गरिनेछ । चैते र बर्षे धानमा जैविक मल प्रदर्शन र वितरण कार्य गरिनेछ ।

CS CamScanner

९. उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्दन गर्न सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। कृषि उत्पादन वृद्धि गर्न चक्लावन्दी खेतीलाई प्रोत्साहित गरिनेछ।

१०. आलु, अदुवा, वेसार र आँप लगायत कृषि वस्तुको निर्यात प्रवर्दनका कार्यक्रम सन्चालन गरिनेछ।

११. वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउन सिँचाईका कुलोहरुलाई क्रमागत सम्पन्न गर्दै लगिनेछ।

१२. साना सिचाई कार्यक्रमसँग समन्वय गरी यस अन्तर्गत गठित जल उपभोक्ता समूहहरूलाई थप बिऊ बिजनमा सहयोग गरिनेछ।

१३. सामुदायीक वनसँगको सहकार्यमा फलफुल खेती र कृषि वन पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सन्चालनमा ल्याईनेछ।

१४. गरिवीको रेखामुनी रहेका कृषकको आय आर्जन क्षमता अभिवृद्धि गर्न स्थानीय संभाव्यताको पहिचान गरी कृषकहरुका लागि आयमूलक कार्यक्रम संचालन गरिनेछ।

१५. सेती केरा खेतीलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

१६. कृषि तथा पशुपन्छी विमालाई प्राथमिकता दिईनेछ।

१७. सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहिहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकि सरह असुल उपर गर्नुका साथै कालो सुचीमा राखिनेछ।

१८. कार्यगत सहकार्यका लागी स्थानिय स्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुलाई लगानी गर्ने वातावरण सिर्जना गरिनेछ।

१९. संघीय र प्रदेश सरकारले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य बमोजिमको कार्यक्रम तर्जुमा गर्ने निति अवलम्बन गरिने छ।

२०. जलवायू अनुकुलन कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२१. गाँउपालिकाको कृषि विकासको लागि सम्भाव्यताको आधारमा आवधीक योजनालाई समेटने गरि पकेट क्षेत्र कार्यक्रम सन्चालन गरिनेछ।

२२. संघिय सरकारसंगको साझेदारीमा सुन्तला खेतिलाई क्षेत्र विस्तार गर्दै लगिनेछ।

२३. व्यवसायिक पशुपालन,मौरीपालन , मासु उत्पादन, दुग्ध उत्पादन तथा स्थानीय पोल्ट्री जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरि गाउँपालिकालाई आत्मनिर्भरता तर्फ उन्मुख गराईनेछ।

२४. कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार लगाएतका कार्यक्रमहरुलाई नियमित गरिनेछ।

२५. बाँदर दुम्सी लगायत अन्य बन्यजन्तुहरुबाट बाली जोगाउनका लागि निजि तथा सार्वजनिक जग्गामा टिम्वुर, वेसार, अदुवा, कागती लगायतका आयआर्जन हुने बोटविरुवाहरु लगाउन प्रोत्साहन गरिनेछ।

२६. कृषि उपजको बजारीकरणका लागी सहकारी, निजि, सरकारी क्षेत्रको साझेदारीमा पोष्ट हार्भेष्ट सेन्टर, क्रेट, प्रशोधन केन्द्र आदी पुर्वाधारहरुको विकास र विस्तार गरिनेछ।

२७. तीन खम्बे अर्थनीतिलाई अवलम्वन गरि कृषि सहकारी मार्फत आर्थिक वृद्धि र विकासमा जोड दिइनेछ। यसका लागि नियमन प्रवर्दन र प्रशिक्षणको माध्यमबाट कृषि सहकारी क्षेत्रको क्षमता विकास गरिनेछ।

२८. दुध तथा दुग्ध जन्य पदार्थको आत्मनिर्भर तथा विक्री वितरणलाई सुव्यवस्थित गर्न सहकारी तथा नीजि क्षेत्रका कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर दुग्धमा अनुदानको व्यवस्था गरिनेछ।

CS CamScanner

२९. दुग्ध तथा मासुमा आत्म निर्भर वनाउनका लागि पाडापाडी पालनमा अनुदानको व्यवस्था गरि कृषकहरुलाई स्वरोजगार तर्फ अग्रसर वनाईनेछ ।

३०. स्थानीय घरेलु उद्योगको मागमा आधारित कच्चा पदार्थको उत्पादन गरी लघु उद्यमका लागि प्रोत्साहन गरिनेछ ।

३१. गाउँपालिका भरि देखा परेका विभिन्न रोगको निरन्त्रणका लागि प्रदेश र संघीय सरकारसंग साझेदारी गरि कार्यक्रम सन्चालन गरिनेछ ।

३२. पशुआहार तथा चरन क्षेत्रको विकासका लागि हिउँदे तथा डाले घाँसको विऊ तथा विरुवा वितरण गरि पशुआहारको लागत कम गरिनेछ ।

३३. पर्यटकीय सम्भावना भएका पालिका भित्रका विभिन्न स्थानहरुलाई जोड्नका लागि स्थानीय श्रोत साधनको प्रयोग गरी नेपाल भित्रका गढी भएका स्थानियतह विच समन्वय गरि पर्या पर्यटनका कामहरु गरिनेछ ।

३४. गाउँपालिका भित्र सञ्चालित साना उद्योग व्यवसायहरुलाई प्रवर्द्धन गर्न सिँचाई मिटर महशुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

**ख. सामाजिक विकास तर्फ नीति तथा कार्यक्रमः-**

१. वायोमेट्रिक हाजिरीमा सवै विद्यालयको पहुँच विस्तार गर्दै उक्त हाजीरीका आधारमा तलबभत्ता निकासा गर्ने नीति लिईनेछ । संघिय सरकारको नीति अनुरुप पालिका भित्र एक स्मार्ट विद्यालय कार्यक्रमलाई अगाडी वढाईनेछ ।

२. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्र. अ. र शिक्षकहरूसँग कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

३. विद्यालय शिक्षण सिकाईलाई व्यवस्थित गर्न शिक्षक र विद्यार्थीका लागि लगबुक निर्माण गरी प्रत्येक दिन अभिभावक विद्यालय कार्यक्रम, पाठ्यान्तर र अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

४. पालिका भित्रका दलित तथा विपन्न वर्गका विद्यार्थीहरूलाई MBBS/Engineering अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

५. विद्यार्थिको व्यवहार कुशलताको विकासका लागि प्रत्येक विद्यालयमा एउटा विद्यार्थी एउटा विरुवा कार्यक्रम सञ्चालन गरिने छ ।

६. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विभिन्न सूचकहरु निर्माण गरी उत्कृष्ठ विद्यालय घोषणा गरी पुरस्कृत गरिनेछ ।

७. गाउँपालिका भित्रका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ ।

८. शिक्षालाई गुणस्तरीय वनाउन वडा शिक्षा समितिको कार्यक्षेत्र निर्धारण गरी कार्यान्वयन गरिनेछ । विद्यार्थीको चौतर्फी विकासका लागि राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।

९. विद्यालय समायोजन, एकिकरण, तह मिलान साथै शिक्षक दरवन्दी मिलान गरिनेछ ।

१०. स्थानिय पाठ्यक्रम अनुसारको आधारभूत तहमा पाठ्यपुस्तक लेखन छपाई गरी विद्यालयमा वितरण गरिनेछ ।

११. गाउँपालिका स्तरिय आधारभूत तहको परीक्षालाई व्यवस्थित गरिनेछ ।

१२. अभिलेखिकरण व्यवस्थित गर्ने प्रयोजनार्थ सवै विद्यालयको शिक्षकको व्यक्तिगत अभिलेख व्यवस्थित गरिनेछ ।

१३. गाउँपालिकाको पञ्चवर्षिय शैक्षिक योजना तयार गरिनेछ ।

१४. अंङ्ग्रेजी माध्यममा शिक्षण गर्ने विद्यालयलाई प्रोत्साहन स्वरूप अनुदान प्रदान गरिनेछ ।

१५. वालविकास सहजकर्ताको शिक्षण समयावधी अन्य शिक्षक सरह नै कायम गरिने छ ।

CamScanner

१६. बालमैत्री वडा घोषणा गर्ने तर्फ गाउँपालिका उन्मुख हुनेछ ।

१७. आदिवासी जनजाति, दलित, महिला लगायत समावेशी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१८. ज्येष्ठ नागरिकको दैनिक जीवनलाई सहज बनाउन आवश्यक सामग्री वितरण गरिनुको साथै विश्राम गृह निर्माण गरिनेछ ।

१९. वालश्रम मुक्त गाउँपालिका घोषणा कार्यक्रम अगाडी वढाईनेछ ।

२०. उत्पिडित, पछाडि पारिएका महिलाहरुको सशक्तिकरण तथा मूलप्रवाहिकरणमा विशेष जोड दिईनेछ ।

२१. मानव अधिकार मैत्री गाउँपालिका घोषणाका लागि आधार तयार गरिनेछ ।

२२. उदयपुरगढी गाँउपालिका, कोशी प्रदेश सरकार र करूणाफाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा निरन्तरता दिदै अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउन अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम मार्फत खुसि अपाङ्गता नीति लिईनेछ ।

२३. विद्यमान समाजमा रहेको महिलाहरु माथि हुने सवै किसिमका हिंसाहरु अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । हिंसामा परेका महिलाहरूको लागि लैगिक हिंसा कोषको व्यवस्था गरिनेछ ।

२४. महिलाहरूलाई आर्थिक रूपमा आत्म निर्भर बनाउँनका लागि सिपमूलक कार्यक्रम संचालन गरिनेछ ।

२५. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने प्रक्रियालाई सहज बनाईनेछ ।

२६. किशोरकिशोरी लक्षित कार्यक्रम संचालन गरि बालविवाह न्यूनीकरणमा जोड दिईनेछ ।

२७. लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरी हिंसामा परेका महिलाहरुलाई विभिन्न सम्बद्ध निकायसँग समन्वय गरी उद्दार तथा पुनर्स्थापना गरिनेछ ।

२८. म स्वस्थ,मेरो पालिका स्वस्थ घर टोलमा स्वास्थ्य प्रवद्धन कार्यक्रम अवलम्बन गरिनेछ ।

२९. मानसिक स्वास्थ्य प्रवद्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३०. समुदायस्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३१. निर्माणाधीन १५ शैयाको अस्पताल, स्वास्थ्य चौंकी तथा आधारभूत स्वास्थ्य केन्द्रको निर्माण कार्य शिघ्र सम्पन्न गरी सेवा संचालन गरिनेछ ।

३२. **"सुत्केरीलाई साथ गाउँपालिकाको हात"** भन्ने कार्यक्रम संचालन गरिनेछ ।

३३. लागू औषध दुर्व्यसन सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

३४. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूमा प्रसुति सेवालाई प्रवर्द्धन गरिनेछ ।

३५. स्वास्थ्य संस्थाहरुवाट निःशुल्क वितरण भै रहेका ९८ प्रकारका औषधी तथा स्वास्थ्य संस्थाको लागि औजार उपकरण आवश्यकता अनुसार परिपूर्ति गरिनेछ ।

३६. किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको विस्तार तथा व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह गरिनेछ ।

३७. समय सापेक्ष स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सम्बन्धि ज्ञान, सीप र क्षमता अभिवृद्धि गराईनेछ ।

३८. समुदायमा आधारित स्वास्थ्य संस्था मार्फत जेष्ठ नागरिक, असाहाय र अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क उपचारमा निरन्तरता दिईनेछ ।

३९. नियमित खोप कार्यकमको सुदृढीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपना कायम गरिनेछ ।

CamScanner

४०. गाउँघर क्लिनिक तथा खोप क्लिनिक मार्फत समुदायमा गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

४१. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४२. आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरुमा फोहोर मैला व्यवस्थापन, सरसफाई तथा स्वास्थ्य सुरक्षा सामाग्रीहरु परिपुर्ति गरिनेछ।

४३. गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरिनेछ।

४४. महामारी तथा सर्ने रोगहरूको जोखिम र न्यूनीकरण तर्फ जनचेतना तथा समाधानको उपाय अवलम्बन गरिनेछ।

४५. विशेषज्ञ स्वास्थ्य सेवाको लागी समय समयमा स्वास्थ्य शिविर मार्फत सेवा प्रवाह गरिनेछ।

४६. प्रभावकारी स्वास्थ्य शिक्षा, सूचना र संचारको माध्यमबाट गलत सामाजिक अभ्यासलाई न्यूनीकरण गरी नागरिकहरुको स्वस्थ आनिबानी र अभ्यासको प्रवर्द्धन गर्न उपयुक्त वातावरणको सुनिश्चितता गरिनेछ।

४७. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।

४८. सहकारी क्षेत्रको स्रोत साधन र पूँजीलाई उत्पादनशिल क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।

४९. सबै प्रकारका सहकारी संस्थाहरुलाई अनुगमन गरी सक्रिय रूपमा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।

५०. सहकारी संस्था र उद्यमीहरुबिच अन्तर-सम्बन्ध कायम गरी व्यवसायिकता तर्फ उन्मुख गराउने नीति अवलम्वन गरिनेछ।

५१. सबै प्रकारका व्यक्तिगत घटना दर्ता अभियानका रुपमा सञ्चालन गरी ३५ दिनभित्र दर्ता गर्ने नीति अवलम्वन गरिनेछ।

५२. सबै प्रकारका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुलाई सरल र सहज रुपमा भत्ता वितरण गर्ने नीति अवलम्वन गरिनेछ।

**ग. <u>पूर्वाधार विकास तर्फः-</u>**

१. पुर्वाधार विकास तर्फका वन, आवास तथा वस्ती विकास क्षेत्र, सडक, पुल तथा यातायात क्षेत्र, जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा क्षेत्र र सूचना तथा संञ्चार प्रविधि क्षेत्रहरुको सन्तुलित विकास गरिने छ।

२. **"बाह्रैमासे यातायात सञ्चालनको अवस्था; गाउँपालिकाबासीको आवतजावतका लागि सहजता"** भन्ने नाराका साथ पालिकाको केन्द्रबाट वडा र अन्तरपालिका जोडने सडक बाटोहरुलाई वाह्रै महिना चल्ने गरी स्तरोन्नत्ती गरिनेछ।

३. हाल सम्म पनि विद्युत नपुगेका टोल, वस्ति तथा क्षेत्रहरूमा विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युतीकरण गरिनेछ।

४. पालिकाको सडकको वास्तविक अवस्था पहिचान र विकासका लागि सडकको गुरुयोजना तयार गरिनेछ।

५. पुर्वाधारजन्य अधुरा र क्रमागत योजनाहरुलाई पुर्णता दिईनेछ।

६. मदनभण्डारी राजमार्गका आवश्यक क्षेत्रहरूमा सडक दुर्घटना न्यूनीकरणका लागि सडक बत्ति जडान गरिनेछ।

७. ठूला र बृहत तथा गाउँपालिकाको गौरवको आयोजनाहरू सञ्चालनका लागि संघीय र प्रादेशिक सरकारसँग साझेदारीमा आयोजना संचालन गरिने छ।

CS CamScanner

८. नेपालटार उदयपुरगढी दरवार सडकलाई स्तरोन्नती तथा कालोपत्रे गर्नको लागि संघ, प्रदेश र स्थानीय तहको समपुरक साझेदारीमा बजेट विनियोजन गरिने छ। उक्त आयोजनाहरूलाई यथाशक्य चाँडो सम्पन्न गरिनेछ।

९. गाउँपालिका भित्र सबै प्रकारको पुर्वाधार संरचना वाल मैत्री, अपाङ्ग मैत्री तथा विपद उत्थानशिल वनाउदै लगिनेछ।

१०. हेभि मेसिन प्रयोग गर्न नपर्ने पूर्वाधार विकास तर्फका योजनाहरू टोल विकास संस्था मार्फत संचालन गर्न प्राथमिकता दिईनेछ।

११. पर्यटकीय स्थलहरूको डिपीआर अनुरुप निर्माण कार्य अगाडी बढाईनेछ।

१२. हरेक पुर्वाधारजन्य योजनाहरुबाट योजना सम्पन्न पश्चात २ प्रतिशतको दरले मर्मत संभार कोष र २ प्रतिशतका दरले कन्टिजेन्सी कट्टा गरिनेछ। मर्मत संभार कोष वा विनियोजित वजेटमा मर्मत संभार गर्ने भनि विनियोजित रु ५ लाख भन्दा माथीको रकममा ४० प्रतिशत भौतिक संरचना अनिवार्य र ६० प्रतिशत सरसफाई जन्य कार्य गरिनेछ।

१३. विपदबाट क्षति भएका बाटाहरूको कार्य गर्नको लागि जनप्रतिनिधिको रोहवरमा गाउँपालिकामा समन्वय गरी बाटोहरु सरसफाई गर्ने, सो को अभिलेख वडाको प्राविधिकहरुले राख्ने र उक्त जानकारी तत्कालै पालिकामा फोटो भिडियो उपलब्ध गराउने नीति अबलम्वन गरिनेछ।

१४. खानेपानी पुगेको ठाँउमा मिटर जडान तथा नियमन गरिनेछ र उपभोक्ता खपत भुक्तानी प्रणालि लागू गर्ने नीति अख्तियार गरिने छ।

१५. खानेपानी आयोजनाहरु सम्पन्न भएको स्थानमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि समुदायमा हस्तान्तरण गरिनेछ।

१६. गाउँपालिका अन्तर्गतका कार्यालय र विद्यालयहरुको भौतिक संरचना निर्माण तथा व्यवस्थापनलाई क्रमश पुरा गर्दै लगिनेछ।

१७. आ व २०७९।८० देखी सुरु गरिएको मर्मत संभार कोष संचालन कार्यविधि अनुसार नियमित कार्य अगाडी वढाईनेछ। यसवाट संचालन गरिने आयोजनामा अधिकतम लाभग्राही साझेदारी हुने आयोजनालाई पहिलो प्राथमीकता दिईनेछ।

१८. स्थानीय भवन संहिता अनुसार घरनक्सा पास अनिवार्य लागु गरी पुराना घर संरचनालाई अभिलेखीकरण गरिनेछ। यसरी अभिलेखीकरण वा नक्सा पास गर्ने स्थानीयलाई पालिका, वडा र अन्य निकायवाट दिलाईने सुविधामा प्राथमिकता दिईनेछ।

१९. अबको २ वर्ष भित्र शुद्ध खानेपानी सुविधा प्रदान गर्नका लागि १ घर १ धाराको नीति अवलम्वन गरिनेछ।

२०. गाउँपालिकाका वडाहरुमा खेलमैदान निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा संचालन गरिनेछ। चालू आर्थिक वर्षमा कम्तिमा १ वटा झोलुङ्गेपुल निर्माणको कार्य सम्पन्न गरिनेछ।

**घ. <u>सुशासन तथा संस्थागत विकास तर्फ:-</u>**

१. सूचना प्रविधिमा आधारित कार्यप्रणाली अवलम्बन गरिनेछ।

२. समय अनुकुलको विधि र कानूनहरूको निर्माण गरी संस्थागत कार्यप्रणालीको अवलम्वन गरिनेछ।

३. करदाताहरुलाई कर शिक्षाको उचित प्रवन्ध मिलाई सचेतना प्रवर्द्धन गर्न विशेष जोड दिईनेछ।

CamScanner

४. कर्मचारी र पदाधिकारीहरूको कार्य क्षमता विकासमा जोड दिईनेछ ।

५. दरवन्दी अनुसार कर्मचारीहरूको पद पूर्ति गरिनेछ ।

६. राजश्व सुधार कार्य योजना तर्जुमा गरी लागु गरिनेछ ।

७. गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी बनाइनेछ ।

८. पालिका भित्रका सरकारी निकायहरुमा कार्यरत कर्मचारीहरुको उपस्थिति ई- हाजिरी मार्फत अनिवार्य गर्दै लगिनेछ ।

९. करार सेवामा कार्यरत कर्मचारीहरूलाई संघ, प्रदेश तथा स्थानीय तहको प्रचलित कानून बमोजिम संरक्षण तथा प्रोत्साहन गरिने छ ।

१०. संस्थागत विकास तथा सेवा प्रवाह प्रभावकारिताको लागि आफ्नो जिम्मेवारी, कर्तव्य पुरा नगर्ने र आचरणहरुको बारम्बार उलङ्घन गर्ने करार तर्फका कर्मचारीहरुको हकमा म्याद थप गरिने छैन भने स्थायी कर्मचारीहरुको हकमा समेत कानून बमोजिम कारबाहीहरुको प्रक्रिया अघि बढाईने छ ।

११. राजश्व संकलन तथा व्यवस्थापनलाई आधुनिक सूचना प्रविधिहरुमा आवद्ध गरी सोही बमोजिम सरल, सक्षम, स्पष्ट र नियमसँगत गरिने छ ।

१२. संस्थागत विकासका लागि ईन्टरनेट र वैकल्पिक विद्युतीय उपलब्धतालाई विशेष महत्त्वका साथ हेरिने छ ।

१३. कार्यालय दर्ता र कर्मचारी पद दर्ताको लागि कोशी प्रदेश किताबखानामा पठाईने प्रवन्ध मिलाईने छ ।

१४. जनप्रतिनिधि तथा कर्मचारीहरुमा वित्तीय सुशासन सम्बन्धि विषयमा अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

१५. भ्रष्टचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धि पालिका स्तरीय अनुशिक्षण कार्यक्रम संचालन गरि सार्वजनिक सेवा प्रवाहमा नियमितता र जवाफदेहिता अभिवृद्धि गर्ने तर्फ कार्यालय अग्रसर हुने छ ।

१६. टोल विकास संस्था/ उपभोक्ता समितिहरुको कार्य प्रभावकारितालाई विशेष व्यवस्थापन गर्न कार्य सम्पादन तथा सुशासन सम्बन्धि तालिम संचालन गरिनेछ ।

**ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः-**

१. विपदबाट प्राभावित नागरिकहरूलाई राहत प्रदान गर्न र गाउँपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधारमा भएको क्षतिहरूको संरक्षण गर्नका लागि विपद व्यवस्थापन राहत कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ ।

२. विपद व्यवस्थापन कोषलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना बनाई पुर्वतयारी, अनुकुलन तथा पुनर्स्थापनाका लागि न्युनतम आधार तयार गरिनेछ ।

३. सुखान जमिन न्यूनीकरणका लागि आवश्यक क्षेत्रहरूमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

४. “स्वच्छ उदयपुरगढी” को पहिचान सहित पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक पुर्वाधार विकासका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

५. गाउँपालिकामा हुने विपदको तत्काल सम्बोधन गर्न राहत सामग्री सहित सम्वन्धीत घटना स्थलमा पुग्ने नीति अवलम्बन गरिनेछ ।

CS CamScanner

६. वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेर मात्र नदीजन्य लगायत प्राकृतिक स्रोत उत्खनन् गराउने व्यवस्था अवलम्वन गरिनेछ।

७. पहिरो नियन्त्रणका लागि अति आवश्यक क्षेत्रमा वायो-ईन्जिनियरिङ्ग कार्यक्रम संचालन ल्याईनेछ।

८. डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ।

९. गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना अनुसार कार्य सञ्चालन गरिनेछ।

१०. आपतकालिन कार्य संचालन केन्द्रका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

११. जोखिम संवेदनशील क्षेत्र पहिचान, जोखिम न्यूनीकरण सचेतना कार्यक्रम तथा स्वयम् सेवक परिचालनको व्यवस्था गरिनेछ।

१२. सामुदायिक वनमा पर्यापर्यटन तथा प्राकृतिक वगैचा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

धन्यवाद !

..................................

मान बहादुर केप्छाकी मगर

गाउँपालिका अध्यक्ष

CS CamScanner